# रामधुनी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय ☎ ०२५५६२००५
भुम्का सुनसरी

प.स.२०८२/०८३
च.नं. ०३५४५

मिति:२०८३/०३/३२

## सार्वजनिक सूचना
### आँखा सेवा सञ्चालनका लागि कोठा भाडामा उपलब्ध गराउने सम्बन्धमा ।
(दोश्रो पटक प्रकाशित मिति: २०८३/०३/३२)

झुम्का आधारभुत अस्पतालबाट प्रदान गरिँदै आएको स्वास्थ्य सेवालाई थप प्रभावकारी, गुणस्तरीय तथा नागरिकमैत्री बनाउन अस्पताल परिसरभित्र रहेको कोठामा आँखा सेवा सञ्चालनका लागि भाडामा उपलब्ध गराउने निर्णय भए बमोजिम ईच्छुक तथा योग्य संस्था,अस्पताल, आँखा उपचार केन्द्र वा सेवा प्रदायकबाट देहाय बमोजिम सिलबन्दी प्रस्ताव आहान गरिन्छ ।

**१.कोठाको बिवरण**

| क्र.सं. | विवरण | प्रयोजन |
|---|---|---|
| १. | अस्पताल भवन भित्रको २ वटा कोठा | आँखा सेवा सञ्चालन |

**२.प्रस्तावदाताको योग्यता**

१.प्रचलित कानुन बमोजिम दर्ता भएको संस्था वा कम्पनी हुनुपर्नेछ ।
२.PAN /VAT दर्ता भएको हुनु पर्नेछ ।
३.पछिल्लो आर्थिक बर्षसम्मको कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ ।
४.आँखा सेवा सञ्चालनका लागि सम्वन्धित निकायबाट स्विकृत प्राप्त गरेको हुनुपर्नेछ ।
५.कम्तिमा १ जना नेत्र विशेषज्ञ वा आखाँ स्वास्थ्यकर्मी उपलब्ध उराउन सक्ने हुनुपर्नेछ ।

**३.प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने कागजात ।**

- संस्थादर्ता प्रमाणपत्र
- PAN/VAT प्रमाणपत्र
- करचुक्ता प्रमाणपत्र
- सेवा सञ्चालन अनुमतिपत्र
- संस्थाको प्रोफाईल
- कार्य अनुभव विवरण

मुख्य प्रशासकीय अधिकृत
रामधुनी नगरपालिका

# रामधुनी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय ☎ ०२५५६२००५
## झुम्का सुनसरी

**४.आर्थिक प्रस्ताव**

प्रतावदाताले प्रति वर्गफिट मासिक भाडा दर उल्लेखित गरी आर्थिक प्रस्ताव पेश गर्नुपर्नेछ ।

तपसिल

| क.सं. | बिवरण | प्रस्तावित दर (रु./Sq.Ft./महिना) |
|---|---|---|
| १. | आँखा सेवा संञ्चालन कक्ष | |

**५.प्रस्ताव पेश गर्ने अन्तिम मिति**

सुचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र कार्यालय समय सम्म ।

**६.प्रस्ताव खुल्ने मिति**

अन्तिम मिति समाप्त भएको भोलिपल्ट कार्यालय समयमा ।

**७.मुल्याङ्कन आधार**

- संस्थाको अनुभव
- प्राविधिक क्षमता
- सेवा सञ्चालन योजना
- प्रस्तावित भाडा दर
- स्थानिय नागरिकलाई पुग्ने लाभ

**८.सम्झौता अवधि**

कार्यालयको निर्णय बमोजिम हुनेछ ।

**९.विशेष अधिकार**

प्राप्त प्रस्तावहरुमध्ये कुनै वा सबै प्रस्ताव स्विकृत वा अस्विकृत गर्ने, सूचना संशोधन गर्ने वा प्रकृया रद्द गर्ने सम्पूर्ण अधिकार रामधुनी नगरपालिकामा सुरक्षित रहनेछ ।

थप जानकारीको लागि:
झुम्का आधारभूत अस्पताल वा रामधुनी नगरपालिका स्वास्थ्य शाखा
झुम्का, सुनसरी

मुख्य प्रशासकीय अधिकृत
रामधुनी नगरपालिका



CamScanner